राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक ३३७ २०८३ असार २३ गते मंगलवार (07 July 2026) पृष्ठ ४ मूल्य रु. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## धनुषामा ११ फरार प्रतिवादी पक्राउ

दैनिक समाचारदाता

जनकपुरधाम, २२ असार । जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतबाट कैद तथा जरिवानाको सजाय सुनाइएपछि लामो समयदेखि फरार रहेका ११ जना प्रतिवादीलाई पक्राउ गरेको छ।

प्रहरीले सोमबार जिल्लाका विभिन्न स्थानमा विशेष खोजतलास अभियान सञ्चालन गरी फरार प्रतिवादीहरूलाई पक्राउ गरेको जनाएको हो।

पक्राउ परेकामध्ये बिगो, चेक अनादर, लागूऔषध तथा सार्वजनिक अपराधलगायतका मुद्दामा अदालतबाट कैद तथा जरिवानाको फैसला भइसकेका व्यक्तिहरू रहेका छन्।




प्रहरीका अनुसार पक्राउ परेकामध्ये केहीलाई एक वर्षसम्म कैद सजाय तोकिएको थियो भने केहीलाई दुई महिनासम्म कैद सजाय सुनाइएको थियो। यस्तै, विभिन्न मुद्दामा दुई हजारदेखि २५ हजार रुपैयाँसम्म जरिवाना तोकिएका प्रतिवादीहरू पनि पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक मधुसुदन न्यौपानेले अदालतका फैसला प्रभावकारी रूपमा कार्यान्वयन गर्न फरार प्रतिवादी पक्राउ अभियानलाई निरन्तरता दिइएको बताए।

उनले भने, “अदालतबाट सजाय तोकिएर फरार रहेका प्रतिवादीलाई कानुनी दायरामा ल्याउने अभियानलाई प्राथमिकताका साथ सञ्चालन गरेका छौं। कानुनको कार्यान्वयनमा कुनै सम्झौता हुँदैन। फरार रहेका अन्य प्रतिवादीहरूको खोजी पनि तीव्र रूपमा जारी छ।”

प्रहरीका अनुसार पक्राउ परेका सबै प्रतिवादीलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतका फैसला कार्यान्वयन, अपराध नियन्त्रण तथा फरार प्रतिवादीको खोजीलाई आगामी दिनमा अझ प्रभावकारी बनाइने जनाएको छ। साथै, अदालतको सजायबाट बच्न फरार रहेकाहरूलाई स्वेच्छाले कानुनी प्रक्रियामा आउन आग्रह गर्दै अन्यथा खोजी अभियान थप कडाइका साथ अघि बढाइने चेतावनी पनि दिएको छ।

## ३२८ परिवारलाई लालपुर्जा वितरण

दैनिक समाचारदाता

जनकपुरधाम, २२ असार । धनुषाको गणेशमान चारनाथ नगरपालिकामा वर्षौंदेखि भोगचलन गर्दै आएका ३२८ परिवारलाई गाउँब्लक जग्गाको कानुनी स्वामित्वसहित लालपुर्जा वितरण गरिएको छ।




नापी कार्यालय धनुषाले गणेशमान चारनाथ नगरपालिका-५ चिसापानीमा आयोजना गरेको कार्यक्रममा साबिक तल्लो गोदार गाविसका वडा नं. १ देखि ९ सम्म तथा हालका वडा नं. ५ र ६ का लाभग्राही परिवारलाई लालपुर्जा हस्तान्तरण गरिएको हो।

नापी कार्यालय धनुषाका प्रमुख उमेश साहका अनुसार २०७० सालमै जग्गाको नापजाँच सम्पन्न भए पनि प्राविधिक तथा प्रशासनिक जटिलताका कारण लालपुर्जा वितरण प्रक्रिया लामो समयदेखि रोकिएको थियो। नापनक्सा, फिल्ड प्रमाणीकरण तथा आवश्यक कानुनी प्रक्रिया पूरा भएपछि अहिले लालपुर्जा वितरण सम्भव भएको उनले बताए।

प्रमुख साहले गाउँब्लक जग्गाको कानुनी स्वामित्व प्राप्त भएसँगै स्थानीयको आर्थिक अवस्था सुदृढ हुने, बैंकिङ सेवामा पहुँच बढ्ने र सम्पत्तिको सुरक्षा सुनिश्चित हुने विश्वास व्यक्त गरे। साथै, कागजात अभाव वा प्राविधिक कारणले अझै वञ्चित रहेका व्यक्तिलाई आवश्यक प्रक्रिया पूरा गरी नापी कार्यालयमा सम्पर्क गर्न आग्रह गरे।

नगर प्रमुख जितनारायण यादवले पुस्तौंदेखि भोगचलन हुँदै आएको जग्गालाई कानुनी मान्यता दिलाउन नगरपालिका निरन्तर सक्रिय रहेको बताए। वडा कार्यालय र नापी कार्यालयबीचको समन्वयका कारण लामो समयदेखि रोकिएको लालपुर्जा वितरण सम्भव भएको उल्लेख गर्दै उनले बाँकी परिवारलाई पनि क्रमशः आवश्यक प्रक्रिया पूरा गरी लालपुर्जा उपलब्ध गराइने प्रतिबद्धता जनाए।

लालपुर्जा प्राप्त गरेपछि स्थानीय सुरेश रायले पुस्तौंदेखि भोगचलन गर्दै आएको जग्गाको कानुनी स्वामित्व प्राप्त हुनु अत्यन्तै खुसीको विषय भएको बताए। उनले अब बैंकिङ कारोबार तथा अन्य कानुनी कामकाज गर्न सहज हुने प्रतिक्रिया दिए।

कार्यक्रममा वडा नं. ५ का वडाध्यक्ष जयचन्द्र भट्टराई, वडा नं. ६ का वडाध्यक्ष रञ्जितकुमार साह, नापी कार्यालय धनुषाको टोली नं. १ का प्रमुख रञ्जित यादव, कार्यालयका कर्मचारी, स्थानीय जनप्रतिनिधि तथा सर्वसाधारणको उपस्थिति रहेको थियो।

यदि यो समाचार दैनिक पत्रिकाका लागि हो भने यसलाई अझ समाचारमूलक र आकर्षक शैलीमा पनि परिमार्जन गर्न सकिन्छ।

## ‘सरकारको १०० दिन उपलब्धिभन्दा विवाद बढी’

दैनिक समाचारदाता

काठमाडौं २२ असार । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारको १०० दिने कार्यकाललाई ‘हात्तीका देखाउने दाँत’ जस्तै प्रचारमुखी मात्र भएको टिप्पणी गरेको छ।



प्रतिनिधिसभाको सोमबारको बैठकमा विशेष समयमा बोल्दै कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सरकारले सार्वजनिक गरेका उपलब्धि र वास्तविकताबीच ठूलो अन्तर रहेको बताए। उनले प्रधानमन्त्री शाह संसदीय उत्तरदायित्वभन्दा सामाजिक सञ्जालमा लोकप्रिय बन्न बढी केन्द्रित भएको आरोप लगाए।

‘धुरीमा चढेपछि सिँढी बिर्सनु हुँदैन। संसद्ले नै तपाईंलाई प्रधानमन्त्री बनाएको हो, तर तपाईं संसद्कै अवमूल्यन गर्दै हुनुहुन्छ। सामाजिक सञ्जालमा भाइरल हुन सजिलो छ, तर देश चलाउन गम्भीरता चाहिन्छ। भाइरल हुने बाटो त्याग्नुहोस्,’ आङ्देम्बेले भने।

भ्रष्टाचारविरुद्ध अभियान चलाइरहेको दाबी गर्ने सरकारले प्रधानमन्त्रीको सम्पत्ति विवरणमा उल्लेख भएको करिब २०० तोला सुनको स्रोतबारे स्पष्ट पार्नुपर्ने उनले माग गरे।

‘प्रधानमन्त्रीको सम्पत्तिमा झन्डै २०० तोला सुन देखिएको छ। यसको स्रोत के हो? विपक्षीले प्रश्न उठाउँछ नै,’ उनले भने, ‘सम्पत्ति छानबिन अरूबाट होइन, म (भीष्मराज आङ्देम्बे) र प्रधानमन्त्री बालेन्द्र शाहबाटै सुरु गरौं। म आफ्नो सम्पत्ति छानबिनका लागि तयार छु, प्रधानमन्त्री तयार हुनुहुन्छ?’

उनले आफ्ना पक्षका व्यक्तिलाई जोगाउने र विपक्षीमाथि मात्र कारबाही गर्ने ‘चयनात्मक’ प्रवृत्तिले सुशासन स्थापना हुन नसक्ने बताए।

वर्षायामको मुखमा वैकल्पिक व्यवस्थाविनै सुकुम्बासी बस्तीमा डोजर चलाइएकोप्रति उनले आपत्ति जनाउँदै भने, ‘सुकुम्बासीको बसोबास गैरकानुनी हुन सक्छ, तर उनीहरूको जन्म र मानवीय अधिकार गैरकानुनी हुँदैन। वृद्धवृद्धा, गर्भवती महिला र बालबालिकालाई सडकमा पुऱ्याउनु सरकारको मानवीय संवेदनहीनताको उदाहरण हो।’

सरकारको आलोचना गरेका डम्बर तामाङलाई पक्राउ गरिएको घटनाको विरोध गर्दै उनले मन्त्री र सत्तापक्षका सांसदबाट हिंसात्मक अभिव्यक्ति आउँदा पनि कारबाही नहुनु दोहोरो मापदण्ड भएको आरोप लगाए।

संवैधानिक परिषद्को गणपूरक सङ्ख्यासम्बन्धी अभ्यासलाई उनले ‘संवैधानिक कू’को संज्ञा दिए। छ सदस्यीय परिषद्मा तीन जनाको उपस्थितिलाई बहुमत मान्नु संविधान र लोकतन्त्रको मर्मविपरीत रहेको उनको तर्क थियो।

सत्ता साझेदार राष्ट्रिय स्वतन्त्र पार्टीले प्रदेशसभा खारेजीको प्रस्ताव पारित गरेको प्रसंग उल्लेख गर्दै उनले भने, ‘प्रधानमन्त्री संघीयता सुदृढ बनाउने कुरा गर्नुहुन्छ, तर उहाँकै सत्ता साझेदार प्रदेश नै खारेज गर्नुपर्ने प्रस्ताव पारित गर्छन्। यो कस्तो विरोधाभास हो?’ मन्त्रालयको संख्या घटाएर मितव्ययिताको प्रचार गरिए पनि ५७ जना सल्लाहकार र २०० भन्दा बढी सदस्यीय सचिवालय गठन गरेर राज्यकोषमा थप भार पारिएको उनले आरोप लगाए।

आङ्देम्बेले बीवाईडी गाडी खरिद प्रकरण, करको दर हेरफेरसम्बन्धी सूचना चुहावट तथा पूर्वगृहमन्त्रीको शेयर स्वामित्वसम्बन्धी प्रतिवेदन सार्वजनिक नगरी सरकारले अपारदर्शी कार्यशैली अपनाएको दाबी गरे।

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,

Phone :9861147201

नैना होस्पिटल प्रा.लि.

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,

Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# बजेटमा सन्तुलन आवश्यक

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको बजेट सार्वजनिक भएसँगै त्यसलाई लिएर राजनीतिक विवाद चुलिएको छ। प्रमुख प्रतिपक्षी दलहरूले बजेटलाई संघीयताको मर्मविपरीत, असन्तुलित र एक जिल्ला केन्द्रित भएको आरोप लगाउँदै प्रदेश सभामा टेबुल हुनसमेत नदिने चेतावनी दिएका छन्। यसले प्रदेशको बजेट केवल आर्थिक दस्तावेज मात्र नभई राजनीतिक विवादको विषय बनेको स्पष्ट देखाएको छ।

बजेट कुनै पनि सरकारको विकास दृष्टिकोण, प्राथमिकता र स्रोतको न्यायोचित वितरणको प्रतिबिम्ब हो। त्यसैले यसमा सबै जिल्ला, क्षेत्र र समुदायले अपनत्व महसुस गर्न सक्नुपर्छ। यदि बजेट कुनै एक जिल्ला वा सीमित राजनीतिक स्वार्थ केन्द्रित भएको अनुभूति भयो भने त्यसले प्रदेश सरकारप्रतिको विश्वास कमजोर बनाउँछ। संघीय व्यवस्थाको उद्देश्य नै स्रोत, साधन र अवसरको विकेन्द्रीकरण हो। त्यसको विपरीत कुनै पनि प्रकारको असन्तुलनले संघीयताको औचित्यमाथि प्रश्न उठाउने अवस्था सिर्जना गर्छ।

प्रतिपक्षले उठाएका आरोपहरू गम्भीर छन्। टुक्रे योजनाको बाहुल्य, कार्यान्वयन गर्न कठिन हुने गरी एउटै शीर्षकअन्तर्गत विभिन्न जिल्लामा योजना राखिएको विषय, स्रोत सुनिश्चित नभएको दाबी तथा आन्तरिक राजस्वको अवास्तविक लक्ष्यजस्ता प्रश्नहरूको सरकारले तथ्य र प्रमाणका आधारमा स्पष्ट जवाफ दिनुपर्छ। यस्ता प्रश्नलाई केवल राजनीतिक विरोध भनेर पन्छाउनु उचित हुँदैन। यदि आरोप निराधार छन् भने सरकारले पारदर्शी रूपमा त्यसको खण्डन गर्नुपर्छ, र यदि केही कमजोरी छन् भने सच्याउन तत्पर हुनुपर्छ।

अर्कोतर्फ, प्रतिपक्षको भूमिका पनि केवल अवरोध सिर्जना गर्नेमा सीमित हुनु हुँदैन। प्रदेश सभामा बजेटमाथि रचनात्मक बहस, संशोधन प्रस्ताव र वैकल्पिक सुझावमार्फत समाधान खोज्नु लोकतान्त्रिक अभ्यासको मूल मर्म हो। बजेट टेबुल नै हुन नदिने चेतावनीले राजनीतिक तनाव बढाउन सक्छ, जसको प्रत्यक्ष असर विकास निर्माण र सेवा प्रवाहमा पर्न सक्छ।

मधेश प्रदेशले विगतदेखि नै सीमित स्रोत, कमजोर राजस्व क्षमता र विकासको असमानताको चुनौती सामना गर्दै आएको छ। यस्तो अवस्थामा राजनीतिक दलहरूबीचको टकरावभन्दा सहकार्य बढी आवश्यक छ। बजेटमा देखिएका कमजोरीलाई संवाद र सहमतिका माध्यमबाट सुधार गर्न सकिन्छ। प्रदेशको हितभन्दा दलगत स्वार्थलाई प्राथमिकता दिइयो भने त्यसको मूल्य अन्ततः आम नागरिकले तिर्नुपर्ने हुन्छ।

यसैले सरकारले बजेटप्रति उठेका प्रश्नलाई गम्भीरतापूर्वक सम्बोधन गर्दै आवश्यक परिमार्जनका लागि खुला मन बनाउनुपर्छ भने प्रतिपक्षले पनि संसदीय प्रक्रियालाई अवरुद्ध गर्नेभन्दा रचनात्मक दबाबमार्फत सुधारको बाटो रोज्नुपर्छ। संघीयताको सफलता सन्तुलित बजेट, पारदर्शी कार्यान्वयन र राजनीतिक परिपक्वतामै निर्भर रहने भएकाले अहिलेको विवादलाई संवाद र सहमतिबाट समाधान गर्नु नै सबैभन्दा उचित विकल्प हुनेछ।

# सुशासन, पारदर्शिता र जबाफदेही सरकार नै आजको आवश्यकता



गोविन्द पन्थी

नेपाली जनताले राजनीतिक दलहरूलाई केवल सत्ता हस्तान्तरणका लागि मत दिएका होइनन् । जनताको अपेक्षा सधैँ स्पष्ट छ- देशमा सुशासन होस्, कानुन सबैमाथि समान रूपमा लागू होस्, राज्यका प्रत्येक निकाय पारदर्शी र जबाफदेही बनुन् तथा नागरिकको जीवनस्तरमा वास्तविक परिवर्तन आओस् ।

लोकतन्त्रको मूल मर्म नै यही हो कि जनताले आफ्नो भविष्य निर्माणका लागि प्रतिनिधि चयन गर्छन् । तर दुर्भाग्यवश, हाम्रो राजनीतिक अभ्यासले धेरै पटक जनअपेक्षाको सम्मान गर्न सकेन ।

लामो समयसम्म राजनीतिक दलहरूले आफ्ना समर्थकलाई चेतनशील नागरिकका रूपमा भन्दा पनि आफ्नो हरेक निर्णयमा बिना प्रश्न सहमति जनाउने 'रबर स्ट्याम्प' जस्तै व्यवहार गरे । जनताको प्रश्नलाई आलोचना, सुझावलाई विरोध र असहमतिको आवाजलाई अवज्ञाका रूपमा बुझ्ने प्रवृत्ति बढ्दै गयो ।

यसैकारण लोकतन्त्रको आत्मा कमजोर हुँदै गयो र जनविश्वास क्रमशः घट्दै गयो । नेपालका प्रमुख राजनीतिक दलहरूले आफ्ना घोषणापत्रमा सुशासनका आकर्षक एजेन्डा विगतदेखि राख्दै आए तर ती कागजमा मात्र सीमित हुन पुगे ।

नेपाली कांग्रेसले नीतिगत निर्णयको नाममा हुने भ्रष्टाचारलाई कानुनी दायरामा ल्याउने र त्यससम्बन्धी आवश्यक कानुन संशोधन गर्ने एजेन्डा अघि सारेको थियो । साथै संवैधानिक परिषद्को संरचना, नियुक्ति प्रक्रिया र अधिकारको सीमालाई स्पष्ट गर्ने प्रतिबद्धता जनाएको थियो । नेकपा (एमाले) ले सुशासनलाई राज्य सञ्चालनको मुख्य आधार बनाउने, विधिसम्मत शासन, भ्रष्टाचारमुक्त प्रशासन र सेवाग्राहीमैत्री प्रणाली सुनिश्चित गर्ने वाचा गरेको थियो । हालको नेपाली कम्युनिस्ट पार्टीले भ्रष्टाचारसँग जोडिएका विषयमा सरकारका नीतिगत निर्णयको परीक्षण हुने व्यवस्था ल्याउने प्रतिबद्धता जनाएको थियो ।

यी दलहरूले आफ्ना घोषणापत्रमा राखेका कुरा र जनतासँग गरेका प्रतिबद्धता सरकारमा जाँदा भने पूरा गर्न सकेनन् । जनता प्रत्येक चुनावमा नयाँ आशा लिएर मतदान गर्न गए, तर परिणाम उस्तै पाए । घोषणापत्रमा लेखिएका वाचा र सरकारको व्यवहारबिच ठूलो खाडल देखिन थाल्यो । फलतःले पुराना दलहरूप्रति जनविश्वास कमजोर बन्न पुग्यो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, संवैधानिक परिषद् ऐन र न्याय परिषद् ऐनमा संशोधन गरी ती निकायलाई स्वतन्त्र, सक्षम र उत्तरदायी बनाउने प्रतिबद्धता व्यक्त गर्दै जनतासँग सम्झौता गरेर सय बुँदाको बाचा सार्वजनिक गरेको थियो । यसैबाट मन्त्रिपरिषद्ले गर्ने नीतिगत निर्णयको स्पष्ट परिभाषा गर्ने कुरा पनि उठाएको थियो उसले ।

यसै पृष्ठभूमिमा राष्ट्रिय स्वतन्त्र पार्टीले जनताको बलियो समर्थन प्राप्त गर्‍यो । यो समर्थनको आधार केवल नयाँ दलको आकर्षण मात्र थिएन । यसको पछाडि गहिरो असन्तोष र परिवर्तनको चाहना थियो । पार्टी सभापति रवि लामिछानेले सञ्चारकर्मीका रूपमा देशमा व्याप्त बेथिति, भ्रष्टाचार र विसङ्गतिका विरुद्ध उठाएका आवाजले जनतामा विश्वास निर्माण गरेकै हो ।

सरकार सञ्चालनका क्रममा भुटानी शरणार्थी काण्ड र भिजिट भिसामार्फत हुने मानव तस्करीजस्ता संवेदनशील प्रकरणमा उच्च तहसम्म अनुसन्धान अघि बढाउने साहसिक निर्णयले पनि जनविश्वास अझ मजबुत बनायो ।

त्यसैगरी काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले स्वतन्त्र उम्मेदवारका रूपमा विजय हासिल गरी परिणाममुखी कामको सन्देश दिएका थिए । तर प्रशासनिक सहयोग नपाएर पनि उनले कामलाई अघि बढाउने प्रयास गरे । राज्य संयन्त्रबाट भएको असहयोगले विशेषगरी युवा पुस्तामा आक्रोश पैदा गर्‍यो । यसले पुरानो राजनीतिक संस्कृतिप्रति थप वितृष्णा र नयाँ विकल्पप्रतिको आकर्षण बढायो ।

राजनीतिमा जब दुई ठूला दलहरू आफ्ना सिद्धान्त र प्रतिस्पर्धालाई छाडेर केवल सत्ता जोगाउने वा अनुसन्धानबाट बच्ने उद्देश्यले एउटै ठाउँमा उभिन्छन् भन्ने जनधारणा बन्छ, त्यसले लोकतन्त्रलाई कमजोर बनाउँछ । जनताले त्यस्तो गठजोडलाई आफ्नो प्रतिनिधिहरूको सामूहिक अभिव्यक्तिको प्रस्फुटनका रूपमा होइन, स्वार्थको गठबन्धनका रूपमा बुझ्न थाल्छ । यही अवस्थाले जनआक्रोशलाई बलियो बनायो ।

इतिहासले हामीलाई सिकाएको छ- ठूलो जनमत प्राप्त गर्नु सरकार टिकाउने अन्तिम आधार होइन । जनअपेक्षा पूरा गर्न नसक्दा दुई तिहाइको सरकार पनि ढल्न सक्छ । जनताले दिएको समर्थन विश्वासको मत हो, स्थायी लाइसेन्स होइन । त्यो विश्वास जोगाउन निरन्तर काम गर्नुपर्छ ।

आजको सन्दर्भमा नयाँ सरकारको अगाडि ठूलो अवसर छ । पुराना दलहरूले गरेका गल्तीबाट शिक्षा लिएर अघि बढ्ने अवसर छ । यदि सरकार सुशासनलाई नारा मात्र नभई व्यवहारमा उतार्न सफल हुन्छ भने यसले नेपालको राजनीतिक संस्कृतिमा ऐतिहासिक परिवर्तन ल्याउन सक्छ ।

सुशासनको अर्थ केवल भ्रष्टाचार नियन्त्रण मात्र होइन । यसले निर्णय प्रक्रियामा पारदर्शी, जनताको सहज पहुँच, छिटो सेवा प्रवाह, न्यायमा समान पहुँच र कानुनको निष्पक्ष कार्यान्वयनको माग गर्छ । यदि कानुन कमजोरमाथि मात्र लागू हुन्छ र शक्तिशाली उम्किन्छ भने त्यो राज्यमा सुशासन कायम छ भन्न मिल्दैन ।

नेपाल भूगोलका हिसाबले सानो भए पनि रणनीतिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण देश हो । दुई ठूला शक्तिशाली छिमेकीबिच रहेको हाम्रो मुलुकले सन्तुलित कूटनीति अपनाउनुपर्छ । कुनै पनि असन्तुलनले दीर्घकालीन असर पार्न सक्छ । त्यसैले आन्तरिक सुशासनसँगै बाह्य सम्बन्धमा पनि परिपक्वता आवश्यक छ ।

आज जनताले नयाँ सरकारसँग ठूलो आशा राखेका छन् । यो सरकारसँग पुरानो अभ्यास दोहोर्‍याउने छुट छैन । जनताको जीवनस्तरमा परिवर्तन ल्याउन, युवालाई अवसर दिन, भ्रष्टाचार अन्त्य गर्न, प्रशासनलाई चुस्त बनाउन र राज्यप्रति भरोसा जगाउन सके मात्र यो सरकार सफल हुनेछ ।पुराना दलहरूले ठूलो सङ्घर्ष, त्याग र बलिदानबाट लोकतन्त्र ल्याए । तर लोकतन्त्रलाई संस्थागत गर्न र जनताको अपेक्षा अनुसार परिणाम दिन नसक्दा उनीहरूले जनमत गुमाए । अब त्यो इतिहासबाट सिक्ने जिम्मेवारी नयाँ पुस्ताको काँधमा आएको छ ।यदि आजको सरकार रोगको सही पहिचान गरेर उपचारतर्फ अघि बढ्छ, सुशासन र पारदर्शितालाई आफ्नो मूल आधार बनाउँछ, र जनताको विश्वासलाई सम्मान गर्छ भने नेपालमा नयाँ राजनीतिक संस्कृतिको सुरुवात हुनेछ । अन्यथा इतिहासले फेरि कठोर निर्णय गर्नेछ । त्यसैले आजको आवश्यकता सुशासन, पारदर्शिता र जबाफदेही सरकार नै हो । यही समृद्ध नेपाल निर्माणको आधार पनि हो । *(लेखक अधिवक्ता हुन् ।)*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# गम्भीर रोगबाट बच्ने अचूक उपाय

## भान्सामा दैनिक समावेश गर्नुहोस् यी १३ खानेकुरा



एजेन्सी

काठमाडौं। स्वस्थ रहनका लागि एक होइन, कैयौँ प्रकारका खानेकुरा खानुपर्छ। यिनीहरूलाई आफ्नो दैनिक आहारको हिस्सा बनाइयो भने स्वास्थ्य पनि राम्रो रहन्छ र रोगहरू पनि टाढा भाग्छन्।

हाम्रै भान्सामा प्रयोग हुने केही खानेकुरा दैनिक जीवनमा निकै उपयोगी हुन सक्छन्। यिनमा पाइने 'बायोएक्टिभ कम्पाउन्ड' ( जैविक सक्रिय यौगिक) हरूले दीर्घकालीन स्वास्थ्य समस्यालाई रोक्न वा व्यवस्थापन गर्न सक्छन्।

तल दिइएका खानेकुरालाई नियमित रूपमा आफ्नो आहारमा समावेश गर्नुभयो भने यिनले तपाईंलाई गम्भीर रोगहरूबाट बचाउनुका साथै स्वस्थ जीवनशैली बिताउन मद्दत गर्नेछन्।

### *१. ब्रोकाउली*

ब्रोकाउलीमा 'सल्फोराफेन' पाइन्छ, जसले कलेजोको कार्यक्षमतामा सुधार गर्छ। त्यसैले, 'फ्याटी लिभर'को समस्याबाट पीडित व्यक्तिहरूले विशेष गरी ब्रोकाउली खानुपर्छ। यसलाई हल्का रूपमा बाफमा पकाएर (स्टिम गरेर) हप्तामा ३ देखि ४ पटक खान सकिन्छ।

### *२. आलसको दाना (Flaxseed)*

मेनोपज (महिनावारी सुक्ने समय) का लक्षणहरू कम गर्न आलसको दाना खान सकिन्छ। आलसका गुणहरूले 'हट फ्ल्यासेस' (शरीर अचानक तातो हुने) र 'नाइट स्वेट्स' (राति पसिना आउने) जस्ता समस्या कम गर्न प्रभावकारी भूमिका खेल्छन्। आलसको दानालाई भुटेर, पिँधेर दही, फलफूल र मोहीसँग मिलाएर खान सकिन्छ।

### *३. करेला*

करेलालाई प्राकृतिक इन्सुलिन मानिन्छ। यसमा पाइने 'पोलिपेप्टाइड्स पी' र 'क्यारान्थिन'ले इन्सुलिन जस्तै काम गर्छन् र रगतमा चिनीको मात्रा कम गर्न प्रभावकारी हुन्छन्। यदि तपाईं कार्बोहाइड्रेटयुक्त खाना खाँदै हुनुहुन्छ भने, त्यसमा करेला समावेश गर्न नबिर्सनुहोला।

### *४. चुकन्दर*

उच्च रक्तचापका बिरामीहरूका लागि चुकन्दर निकै फाइदाजनक हुन्छ। यसमा पाइने नाइट्रिक अक्साइडले रक्तसञ्चारमा सुधार गर्छ। यद्यपि, यसलाई काँचै खानुभन्दा हल्का उमालेर खानु बढी फाइदाजनक हुन्छ।

### *५. लट्टेको साग*

समयभन्दा पहिले कपाल फुल्ने र झर्ने समस्यालाई हटाउन लट्टेको साग खान सकिन्छ। यसको सागमा आइरन, कपर र फोलेट प्रशस्त मात्रामा पाइन्छ, जुन कपालको स्वास्थ्यका लागि धेरै फाइदाजनक हुन्छ। यसमा पाइने 'लाइसिन'ले कपालको स्वास्थ्यलाई प्रवर्द्धन गर्छ। यस्तो अवस्थामा, लट्टेको साग पकाएर हप्तामा २ देखि ३ पटक खान सकिन्छ।

### *६. मेथीको दाना*

मेथीको दानाले मधुमेह (सुगर) र तौल व्यवस्थापनमा मद्दत गर्छ। मेथीको दानाका गुणले रगतमा हुने उच्च चिनीको मात्रालाई नियन्त्रण गर्छ। त्यसैले, दैनिक एक चौथाइ चम्चा भिजाएको मेथीको दाना सेवन गर्न सकिन्छ।

### *७. सुकाएको आलुबखडा*

सुकाएको आलुबखडामा भिटामिन 'के', बोरोन र म्याग्नेसियम राम्रो मात्रामा पाइन्छ। यसमा पोटासियम पनि हुन्छ, जसले हड्डीको स्वास्थ्यलाई मजबुत बनाउँछ। त्यसैले, हड्डीको खनिज घनत्व (बोन मिनरल डेन्सिटी) सुधार गर्न यसलाई खान सकिन्छ। दैनिक ३ देखि ४ वटा आलुबखडा पानीमा भिजाएर खान सक्नुहुन्छ।

### *८. जौ*

जौमा उच्च कोलेस्ट्रोल कम गर्ने गुण हुन्छ। यसमा पाइने 'बिटा-ग्लुक्यान'ले कोलेस्ट्रोल कम गर्छ र मुटुको स्वास्थ्यलाई फाइदा पुऱ्याउँछ। त्यसैले, दैनिक ३० देखि ५० ग्राम जौ खान सकिन्छ।

### *९. चेरी*

युरिक एसिड र जोर्नीको दुखाइ कम गर्न चेरी खान सकिन्छ। यसमा 'एन्थोसायनिन' हुन्छ, जसले सुन्निने समस्या (इन्फ्लामेसन) लाई कम गर्छ। चेरीको मौसम हुँदा दैनिक १० देखि ४० वटासम्म चेरी खान सकिन्छ।

### *१०. अदुवा*

अदुवामा 'जिन्जेरोल' हुन्छ, जसले पाचन प्रणाली सुधार गर्न मद्दत गर्छ। यसको 'एन्टी-इन्फ्लेमेटरी' (सुन्निने समस्या कम गर्ने) गुणले पनि स्वास्थ्यलाई निकै फाइदा पुऱ्याउँछ।

### *११. अमला*

भिटामिन 'सी' ले भरिपूर्ण अमला स्वास्थ्य र छाला दुवैका लागि अत्यन्तै लाभदायक हुन्छ। अमलाको भिटामिन 'सी' ले छालाको कोलाजेन बढाउँछ र स्वस्थ छालालाई प्रवर्द्धन गर्छ।

### *१२. जायफल*

जायफल खाना पकाउने काममा विरलै प्रयोग गरिन्छ, तर यो स्वास्थ्यका लागि अत्यन्तै लाभदायक छ। यसले विशेष गरी निद्रा लगाउन मद्दत गर्छ। निद्रा नलाग्ने समस्या भएमा, जायफलको धुलो दूधमा मिसाएर पिउनाले राम्रो निद्रा लाग्न मद्दत गर्छ।

### *१३. केसर*

केसर खानालाई रङ्गाउन र स्वाद बढाउन प्रयोग गरिन्छ। यसका धेरै स्वास्थ्य लाभहरू पनि छन्। यसमा पाइने गुणले तनाव र चिन्ता कम गर्न मद्दत गर्छ।

# सुडान युद्धमा छ महिनामै ३०० बालबालिकाको मृत्यु

काठमाडौं, २२ असार। सुडानमा जारी गृहयुद्धका कारण पछिल्लो छ महिनामै ३०० भन्दा बढी बालबालिकाको मृत्यु भएको छ। तीमध्ये अधिकांशको ज्यान ड्रोन आक्रमणमा गएको संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) ले सोमबार जनाएको छ। युद्ध थप तीव्र बन्दै जाँदा बालबालिका हिंसा, विस्थापन र मानवीय सङ्कटको सबैभन्दा ठूलो मारमा परिरहेका छन्।

सन् २०२३ को अप्रिलदेखि सुडानी सेना र अर्धसैनिक द्रुत समर्थन बल (आरएसएफ) बीच जारी द्वन्द्व अहिले मुख्यतः कोर्डोफान, डार्फर र ब्लू नाइल राज्यमा केन्द्रित छ। युनिसेफका अनुसार हालका महिनामा ड्रोन युद्ध तीव्र बनेको छ र कुल हताहतमध्ये करिब ६० प्रतिशत घटना ड्रोन आक्रमणसँग सम्बन्धित छन्। रणनीतिक महत्त्वको उत्तर कोर्डोफानस्थित एल-ओबिड सहरको नियन्त्रणका लागि सेना र आरएसएफबीच चर्किएको लडाइँका क्रममा सम्भावित युद्ध अपराध र मानवअधिकार उल्लङ्घनबारे संयुक्त राष्ट्रसङ्घ, अमेरिका, बेलायतलगायत अन्तर्राष्ट्रिय समुदायले गम्भीर चिन्ता व्यक्त गरेका छन्।

यस युद्धमा हालसम्म कम्तीमा ५९ हजार मानिसको मृत्यु भइसकेको छ भने करिब एक करोड ३० लाख नागरिक विस्थापित भएका छन्। द्वन्द्वका कारण सुडानका धेरै क्षेत्र अनिकालतर्फ धकेलिएका छन् र तीन करोडभन्दा बढी मानिस मानवीय सहायताको भरमा बाँच्न बाध्य छन्।

ड्रोन आक्रमण र गोलाबारीका क्रममा विद्यालय, बजार, इन्धन भण्डारण केन्द्र तथा खानेपानीका संरचनासमेत निशाना बनाइएकाले पाँच लाखभन्दा बढी नागरिक प्रत्यक्ष जोखिममा परेका छन्। धेरै क्षेत्रमा सर्वसाधारणले एक वर्षभन्दा बढी समयदेखि घेराबन्दीजस्तै कठिन अवस्था सामना गरिरहेका छन्। सुडानका लागि युनिसेफका प्रतिनिधि शेल्डन येटले बालबालिका हिंसा, विस्थापन र अभावको अन्तहीन चक्रमा फसेको बताउँदै उनीहरूको सुरक्षा सुनिश्चित गर्न तत्काल प्रभावकारी कदम चाल्न आग्रह गरे। संयुक्त राष्ट्रसङ्घले पनि द्वन्द्वरत पक्षहरूलाई नागरिक तथा नागरिक पूर्वाधारको संरक्षण गर्न, मानवीय सहायता निर्बाध रूपमा पुग्ने वातावरण बनाउन र बालबालिकालाई थप क्षतिबाट जोगाउन सबै सम्भव उपाय अपनाउन आह्वान गरेको छ।रासस


© RSS


- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३३४

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# भूमिहीनलाई जग्गा दिन सरकार प्रतिबद्ध

दैनिक समाचारदाता
काठमाडौँ, २२ असार । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले भूमिहीन र सुकुमवासीको समस्या समाधानलाई सरकारले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको बताएकी छन्।

राष्ट्रिय सभाको सोमबारको बैठकमा विनियोजन विधेयक, २०८३ माथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री रावलले सरकारले भूमिहीनलाई जग्गा उपलब्ध गराउने नीति अनुरूप काम अघि बढाएको जानकारी दिइन्।

उनले भनिन्, “सरकारले बर्दियाबाट लालपुर्जा वितरणको थालनी गरिसकेको छ। यस कार्यका लागि बजेटको अभाव हुन दिइने छैन।”



मन्त्री रावलले वैज्ञानिक भूमिसुधार, उत्पादनमुखी भूमि व्यवस्थापन तथा स्थानीय तहको सुदृढीकरणलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताइन्।

उनका अनुसार हालसम्म करिब १२ लाख भूमिहीन तथा सुकुमवासीले जग्गा प्राप्तिका लागि निवेदन दिएका छन्। यस कार्यक्रमका लागि सरकारले ६१ करोड ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।

उनले सुशासन र पारदर्शितालाई प्राथमिकता दिँदै सेवा प्रवाहलाई नागरिकमैत्री बनाउने तथा डिजिटल रूपान्तरणमार्फत प्रशासनलाई थप प्रभावकारी बनाउने कार्य भइरहेको बताइन्। समस्याग्रस्त सहकारीका बचतकर्ताको रकम फिर्ता गर्ने कार्यक्रम पनि निरन्तर सञ्चालन हुने उनले स्पष्ट पारिन्।

मन्त्री रावलले ट्रेड युनियन खारेज गर्ने व्यवस्थाले निजामती सेवामा देखिएका विकृति र विसङ्गति अन्त्य हुने विश्वास व्यक्त गरिन्। साथै, सङ्घीय निजामती ऐन जारी भएपछि प्रशासनिक सङ्घीयताको प्रभावकारी कार्यान्वयनमा थप टेवा पुग्ने उनको भनाइ थियो।

# राष्ट्रियसभामा ९ वटा मन्त्रालयको जवाफ

काठमाडौँ २२ असार । सङ्घीय संसद् राष्ट्रियसभाको आजको बैठक सुरू भएको छ । आजको बैठकमा विनियोजन विधेयक, २०८३ अन्तर्गत विभिन्न नौ मन्त्रालयका सम्बन्धित मन्त्रीले छलफलमा उठेका प्रश्नहरूको सम्बन्धित मन्त्रीहरूले जवाफ दिने



कार्यसूची रहेको छ । आजको कार्यसूचीमा युवा, श्रम तथा रोजगार मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बन्धित मन्त्रीले जवाफ दिने तालिका छ ।

शून्य समयमा सदस्यहरुले विभिन्न विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । रासस

# १९ दिनमै साढे ४० हजार मेट्रिकटन मल आपूर्ति

काठमाडौँ, २२ असार । यसवर्ष मनसुन सक्रिय भएसँगै देशभर धान रोपाइँ सुरु भएको छ । रोपाइँकै यो अभियानका बीच विगतका वर्षहरूमा जस्तो यसपटक किसानले रासायनिक मलको अभाव भने झेल्नुपरेको छैन ।

असारको सुरुआती १९ दिनमै साढे ४० हजार मेट्रिकटनभन्दा बढी रासायनिक मलको सहज बिक्री-वितरण भइसकेको छ । यसबाट मल आपूर्ति प्रणालीमा सरकारको पूर्वतयारी सहितको उपस्थितिले पुष्टि गरेको बताइएको छ ।

यही असार १ देखि १९ गतेसम्मको सरकारी तथ्याङ्कअनुसार कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत कूल ४० हजार ५६९.२५ मेट्रिक टन रासायनिक मल किसानको खेतबारीसम्म पुगिसकेको छ ।

“विगतका वर्षहरूमा धान रोपाइँको मुख्ययाममै किसानले रासायनिक मल नपाएर सास्ती खेप्नुपर्ने बाध्यात्मक अवस्था थियो”, “प्रधानमन्त्री वालेन्द्र शाहको प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहाल भन्नुहुन्छ, “तर यसपटक सरकारले बेलैमा आपूर्ति व्यवस्थापन, भण्डारण र वितरण प्रणालीलाई वैज्ञानिक र चुस्त बनाएका कारण किसानले माग गरेकै समयमा सहज रूपमा मल पाइरहेका छन् ।”

यसबाट राष्ट्रिय आपूर्तिमा सरकारी निकायका बीचको समन्वय पनि निकै प्रभावकारी देखिएको छ । कूल वितरणमध्ये कृषि सामग्री कम्पनी लिमिटेडले २६ हजार ९९४.६५ मेट्रिकटन




आपूर्ति गर्दै वितरणको ठूलो हिस्सा सम्हालेको छ । साल्ट ट्रेडिङ कर्पोरेसनले १३ हजार ५७४.६ मेट्रिकटन मल उपभोक्ता समक्ष पुऱ्याएर बजारको मागलाई सन्तुलित बनाएको छ ।

रापोइँको समयमा मलको आवश्यकताका बारेमा जानकार रहेको सरकारी संयन्त्रले मागअनुसार कै मल बजारमा पठाएका कारण यस अवधिमा सबैभन्दा बढी २३ हजार ४८२.४ मेट्रिकटन युरिया, १७ हजार ७४९ मेट्रिकटन डिएपी र दुई हजार ३३७ मेट्रिकटन पोटास मल किसानले सहजै प्राप्त गर्न सकेका हुन् ।

विगतका अनुभवहरूलाई हेर्दा असार १५ गते ९राष्ट्रिय धान दिवस० को आसपासमा मलको माग अत्यधिक भई प्रणाली नै प्रभावित हुने गर्दथ्यो ।

असारको सुरुमा दैनिक औसत बिक्री ८७६.४५ मेट्रिकटन मात्र रहेकोमा असार १५ गते बढेर चार हजार ८७७.१५ मेट्रिकटन पुगेको थियो । विगतका कैयौँ बर्षका तुलनामा यो सबैभन्दा धेरै मात्रा हो ।तर, माग सँगसँगै वितरण प्रणालीलाई पनि समानान्तर रूपमा चुस्त राखिएकाले एकैदिन झण्डै पाँच हजार टन मल वितरण हुँदासमेत कतै पनि आपूर्ति शृङ्खला नखल्बलिएको कृषिका अधिकारीहरु बताउँछन् ।

प्रेस तथा अनुसन्धान विज्ञ दाहाल भन्नुहुन्छ, “असार १५ गते एकैदिन करिब पाँच हजार मेट्रिकटन मल कुनै अवरोध विना किसानको हातमा पुग्नु आफैँमा सरकारी संयन्त्रको प्रभावकारिता र किसानप्रतिको जवाफदेहिताको बलियो प्रमाण हो । आगामी दिनमा पनि मलको अभाव हुन नदिन प्रधानमन्त्री कार्यालयले निरन्तर अनुगमन र समन्वय गरिरहेकै छ ।”

समयमै बजेट सुनिश्चितता, वैदेशिक खरिद प्रक्रियाको पूर्वतयारी र जिल्ला-जिल्लामा रहेका डिपोको निरन्तर निगरानीका कारण यसवर्ष रासायनिक मलको मौज्दात पर्याप्त रहेको छ । सरकारको योजनाबद्ध पहल र सक्रिय अग्रसरताले बाँकी यामहरूमा पनि कृषि क्षेत्रमा आवश्यक सहयोग, समन्वय तथा उत्साहलाई निरन्तरता दिने विश्वास व्यक्त गरिएको छ । रासस

# फिलिपिन्सका अर्का सिनेटर भ्रष्टाचार आरोपमा पक्राउ




मनिला, २२ असार। फिलिपिन्समा भ्रष्टाचारविरुद्धको कारबाही तीव्र भइरहेका बेला अर्का सिनेटर रोडान्टे मार्कोलेटालाई सोमबार लुटपाटसम्बन्धी गैर-जमानती आरोपमा पक्राउ गरिएको छ। एक महिनाभित्रै माथिल्लो सदनका दुई सदस्य यस्तै आरोपमा पक्राउ परेपछि देशको राजनीतिक वृत्तमा नयाँ तरंग उत्पन्न भएको छ।

७१ वर्षीय मार्कोलेटालाई उपनगरीय क्विजोन सिटीस्थित विशेष भ्रष्टाचारविरोधी अदालत स्यान्डिगनबायनमा उपस्थित गराएर प्रहरी हिरासतमा लिइएको हो। पक्राउअघि उनले आफूमाथि लगाइएको आरोपको वैधानिकतामाथि प्रश्न उठाउँदै पक्राउ प्रक्रिया रोक्न प्रयास गरेका थिए। तर, अदालतले प्रारम्भिक प्रमाणका आधारमा पक्राउ आदेश जारी गरेपछि उनले अदालतको निर्णयको सम्मान गर्ने बताएका थिए। फिलिपिन्सको कानुनअनुसार लुटपाटसम्बन्धी आरोपमा जमानतको व्यवस्था छैन।

विशेष भ्रष्टाचारविरोधी अभियोजक रहेको लोकपाल कार्यालयका अनुसार मार्कोलेटाले आफ्ना समर्थकबाट चुनावी अभियानका लागि प्राप्त ७५ करोड पेसो (करिब एक करोड २० लाख अमेरिकी डलर) बराबरको रकम सम्पत्ति विवरणमा उल्लेख नगरेको आरोपमा उनीविरुद्ध मुद्दा दायर गरिएको हो। उनले भने कुनै पनि गैरकानुनी काम नगरेको दाबी गर्दै आरोप अस्वीकार गरेका छन्।

मार्कोलेटा इग्लेसिया नी क्रिस्टो (चर्च अफ क्राइस्ट) धार्मिक समूहसँग आबद्ध छन्। उनको पक्राउअघि उक्त समूहले राजधानी मनिलाको प्रमुख सडकछेउ तीन दिनसम्म विरोध प्रदर्शन गरेको थियो। प्रदर्शनमा १५ हजारभन्दा बढी सदस्य सहभागी भएका थिए। त्यसका कारण राजधानीमा व्यापक सवारी जाम भएपछि राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरले मङ्गलबारका दुई सार्वजनिक कार्यक्रम रद्द गरेका थिए।

यसअघि गत महिनाको सुरुआतमा सिनेटर जिङ्गोय एस्ट्राडालाई पनि बाढी नियन्त्रण आयोजनाबाट ५७ करोड पेसोभन्दा बढी कमिसन लिएको आरोपमा पक्राउ गरिएको थियो। उनले पनि आफूमाथिका आरोप अस्वीकार गरेका छन्।

मार्कोलेटा र एस्ट्राडा दुवै पूर्वराष्ट्रपति रोड्रिगो डुटेर्टे तथा उपराष्ट्रपति सारा डुटेर्टेका निकट सहयोगी मानिन्छन्। यसैबीच, २४ सदस्यीय सिनेटले सोमबार महाभियोग अदालतका रूपमा उपराष्ट्रपति सारा डुटेर्टेविरुद्धको सुनुवाइ सुरु गर्ने तयारी गरेको छ। उनीमाथि अघोषित सम्पत्ति सङ्कलन गरेको तथा राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरको हत्या गर्ने सार्वजनिक धम्की दिएको आरोप लागेको छ। उनले भने सबै आरोप अस्वीकार गरेकी छन्।

यसै क्रममा डुटेर्टेका अर्का सहयोगी तथा पूर्वप्रहरी प्रमुख सिनेटर रोनाल्ड डेला रोजा अन्तर्राष्ट्रिय आपराधिक अदालत (आईसीसी) को पक्राउ पुर्जी जारी भएपछि लुकेर बसेका छन्। पूर्वराष्ट्रपति रोड्रिगो डुटेर्टेको शासनकालमा सञ्चालन गरिएको लागुऔषधविरुद्धको अभियानका क्रममा मानवताविरुद्ध अपराध भएको आरोपमा उनलाई गत वर्ष पक्राउ गरी नेदरल्यान्ड्स लगिएको थियो। उनको मुद्दाको सुनुवाइ आगामी नोभेम्बर ३० मा हुने तय गरिएको छ। रासस


अब उत्कृष्ट भविष्यको रोजाई

MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम




‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४